जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १५, अङ्क-०१, २०८३ साउन ७ गते विहीबार, 23 Jun 2026, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

प्रकाशकीय

हामी १५ औं वर्ष प्रवेश

संघर्षमय यात्रामा हामी १४ औं वर्ष पार गरेर १५ औं वर्षमा प्रवेश गरेका छौं । सूचनाको हक आम नागरिकको हकको रूपमा स्थापित गर्नमा हातेमालो गर्ने अभिलाषामा हामी यहाँहरूसँग जोडिएका थियौं । आज पनि हाम्रो सहयात्रा सूचनाबाट शुसूचित हुने हक र सूचनामा पारदर्शिता नै हो । अहिले भ्रष्टाचार, बेथिति, अन्याय, अत्याचार बढीरहेको दावा एकातिर छ भने, त्यसका विरूद्ध देशमा केही राम्रो भइरहेको छ भन्ने आशाका किरणहरू पनि प्रसस्तै देखिदै छन् । हामी त्यही आशाको किरणहरू बढीरहेको हेर्न चाहन्छौ, सरकारलाई सुशासनको लागि आफ्नो तर्फबाट सहयोग गर्न तत्पर छौं, साथै सुशासन विरूद्धका गतिविमिथि हाम्रो निगरानी, खबरदारी सदा रहन्छ ।

आर्थिक मन्दीको कारण देशको हरेक तह आक्रान्त भएको बेला हामी समृद्धिको खोजिमा लम्किरहेका छौं । आमसर्वसाधारणको दैनिकी आर्थिक रूपमा कष्टकर बन्दै आएको बेला सर्वसाधारणलाई जीवनको हरेक तक र तप्काहरूमा सिर्जनशील हुन प्रेरित गरिरहन्छौ । हामीले यतिमात्रै गरेर पुग्दैन अर्थतन्त्रमा कसरी सुधार ल्याउने बहस जरूरी छ ।

राजनीतिक रूपमा विषम परिस्थिती हुँदाको पल हामीले सहीखबर साप्ताहिकको प्रकाशन सुरू गरेका थियौ । आर्थिक तथा सामाजिक विकासलाई राजनीतिले नेतृत्व गर्न नसेकेकोले राजनीतिक स्थिरताको लागि हामीले दबाब दिंदे आयौ । सँगसँगै महिलालगायत सिमान्तकृत समुदायको अग्रसरताको लागि हामीले मार्गदर्शन प्रदान गर्दै आयौ । यस धर्तीमा सबैले समान रूपमा बाँच्न र आफ्नो अस्तित्वलाई मर्यादापूर्ण र जिवन्त राख्न पाउनु पर्छ भन्ने फराकिलो सोच हाम्रो मुख्य एजेण्डाको रूपमा रह्यो र रहनेछ ।

१४ वर्षको यात्रा पुरा गर्दै गर्दा हामीले धेरै तितामिठा अनुभुतिहरू संगालेका छौ, र ति अनुभुतीहरूलाई सम्हालेर राखेका छौ । राजनीतिक विषम परिस्थितिमा जन्मेको सहीखबर साप्ताहिक यहाँहरूको माया ममतामा पुलोकित हुँदै आजको यात्रासम्म आएको हो । रहरलाई जिम्मेवार बनाउँदै हामीले आमनागरिकको सूचनाको हकलाई व्यवहारीक बनाउने प्रयत्नलाई जारी राख्यौ । जस्तोसुकै विषय परिस्थितीमा पनि सहीखबर साप्ताहिकले आफूलाई ज्यूँदो राख्न सफल भएको छ, र जिम्मेवारी पूर्णरूपमा निर्वाह गर्दै आएको छ । समय सापेक्ष हामी पत्रिकामा मात्रै सिमित छैनौ, अनलाइन, सामाजिक सञ्जाल (फेसबुक, फेसबुक पेज, युटुब च्यानल) मा समेत हामी उपलब्ध छौ । प्रकाशन सुरू गरेदेखि नै राजनीतिक विषय वस्तुलाई भन्दा सामाजिक विषय वस्तुलाई प्राथमिकतामा राख्दै आएका छौं । यो सहीखबरको आफ्नो पहिचान पनि हो । समतामुलक समाज निर्माण, महिला सशक्तिकरण, महिला अधिकार, सामाजिक न्याय, मानव अधिकार, बाल अधिकार, समाजको सकारात्मक रूपान्तरणमा जस्ता क्षेत्रमा आम सञ्चारको तर्फबाट झकझक्याउने हाम्रो अभियान जारी छ ।

यो सुखद अवसरमा हामी हाम्रा आदरणीय सहयोगी मनहरू, हाम्रा स्तम्भकारहरू, विज्ञापन दाताहरू, पाठक वर्गहरू, हामीसँग प्रत्यक्ष परोक्ष रूपमा जोडिनु भएका असाध्यै प्रिय शुभचिन्तकहरू, हाम्रो यात्राको होस्टेमा हैसें गरी सहयोग गर्नुहुने अग्रज, तथा समकक्षी र अनुज सबै सञ्चारकर्मीहरूप्रति हार्दिक आभार । आगामी यात्रामा पनि यहाँहरूको यस्तै अमिट सहयोग सहकार्यको अपेक्षा राख्दछौ । धर्तीका सबैको अस्तित्वलाई बचाउँन फराकिलो सोचको विकासमा लागि पर्न र खबरदारी गर्न यहाँहरूले प्रदान गर्दै आउनु भएको सहकार्यर र होस्टेमा हैसे गर्ने बालसदा प्राप्त हुने अपेक्षा राख्दछौ ।

बागमती सरकार अल्पमतमा

○ सहीखबर संवाददाता



मकवानपुर । बागमती प्रदेश सरकारको सत्ता साझेदार दल नेकपा एमालेका मन्त्रीहरूले संयुक्त राजिनामा दिएका छन् । बुधबार आफ्नो पार्टीबाट सरकारमा सहभागी मन्त्रीलाई सामूहिक राजीनामा गराएर एमालेले समर्थन फिर्ता लिएको हो ।

सत्ता साझेदार दलले सरकारलाई दिएको समर्थ फिर्ता लिएसँगै मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ नेतृत्वको सरकार अल्पमतमा परेको छ। बुधबार सरकारमा सहभागी एमालेका ६ मन्त्रीले सामूहिक रुपमा राजीनामा दिएर समर्थन फिर्ता लिएका थिए । एमालेबाट उद्योग पर्यटन श्रम तथा रोजगार मन्त्री बिन्दु श्रेष्ठ, भौतिक पूर्वाधार विकास मन्त्री डा.दिनेशचन्द्र देवकोटा, कृषि पशुपन्छी वन तथा वातावरण मन्त्री मधुसुदन पौडेल, विना विभागीय मन्त्रीहरू किरण थापा, भरतबहादुर केसी, जयराम थापाले मुख्यमन्त्री कार्यालयमा राजीनामा बुझाएका हुन् ।

एमालेका मन्त्रीहरुले बुधबार प्रदेश प्रमुख दीपकप्रसाद देवकोटालाई भेटेर एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिएका जानकारी गराएका थिए । त्यसपछी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा राजीनामा पत्र दर्ता गराएका थिए । मुख्यमन्त्री बानियाँले एमालेका मन्त्रीहरुलाई भेट नदिएपछि उनीहरूले मुख्यमन्त्री सचिवालयमा राजीनामा पत्र दर्ता गराए ।

यसैगरी प्रदेश प्रमुख सचिव बाबुराम अधिकारी समक्ष राजीनामा पेस गरेका छन् ।

एमालेका मन्त्रीको राजीनामा र सरकारको समर्थन फिर्ता लिएसँगै बागमतीको राजनीतिले नयाँ मोड लिएको छ । बागमतीको सत्ता राजनीतिले नयाँ मोड लिनुको साथै मुख्यमन्त्री बानियाँलाई सरकार टिकाउन अर्को चुनौती थपिएको छ।

एमालेले समर्थन फिर्ता लिएसँगै मुख्यमन्त्री बानियाँले आगामी ३० दिन भित्र प्रदेश सभाबाट विश्वासको मत लिनु पर्नेछ । मुख्यमन्त्री बानियाँले सरकारको निरन्तरताका लागि नयाँ गठबन्धन सहित ५३ सांसदको समर्थन जुटाउनु पर्ने छ।

मुख्यमन्त्री बानियाँले एमाले कांग्रेस गठबन्धनबाट २०८२ साल साउन २० बाट सरकारको नेतृत्व गर्दै आएका थिए। एमाले कांग्रेस गठबन्धनबाट कांग्रेसले २ पटक प्रदेश सरकारको नेतृत्व लिएको हो ।

२०८१ साल साउन ९ गतेबाट एमालेको समर्थनमा कांग्रेसका बहादुर सिंह लामा मुख्यमन्त्री बनेकोमा उनले २०८२ साउन २० सम्म सत्ताको नेतृत्व गरेका थिए ।

बानियाँले तत्कालिन मुख्यमन्त्री लामालाई संसदीय दलको नेताबाट हटाएर सत्ताको नेतृत्व गरेका थिए ।

आव २०८१/८२ को बजेटमा पार्टीमित्रको विवादलाई मुद्दा बनाएर आफ्नो पक्षमा बहुमत सांसद जुटाउँदै तत्कालीन पार्टी सभापतिको समर्थनमा बानियाँले लामालाई सरकारबाट हटाएर मुख्य मन्त्री बनेका थिए। सरकारको नेतृत्व गरेको एक वर्ष पुग्न १४ दिन बाँकी छँदै उनले बहुमत गुमाएका हुन् ।

प्रदेश तहमा बाम गठबन्धन(एमाले र नेकपा) बिच नयाँ सत्ता समीकरण अगाडि बढाउने बताइएको बेला एमाले र नेकपालाई पनि सरकार गठन निकै चुनौतीपूर्ण हुनेछ ।बाम गठबन्धनलाई सरकार बनाउन ५३ सांसदको समर्थन आवश्यक रहेको र सोही अनुसार दलहरुलाई मिलाउन पर्ने हुन्छ।

११० सदस्यीय बागमती प्रदेश सभामा ६ पद रिक्त रहेकाले हाल १०४ सदस्य कायम छन् । सरकार गठन तथा सरकारको निरन्तरको लागि ५३ सांसदको समर्थन आवश्यक पर्छ। एमाले र नेकपा मिलेर (५१ सांसद) सरकार बनाउँदा २ सिट अपुग हुन्छ । बहुमत पुर्‍याउन अन्य साना दललाई सरकारमा सहभागी गराउनु पर्नेछ ।

प्रदेशसभामा कांग्रेसका ३६, नेकपाका २६, एमालेका २५, राप्रपाका १२, नेपाल मजदुर किसान पार्टीका ३ र हाम्रो नेपाली पार्टीको २ सांसद छन्।

हार्दिक आभार

हामी गौरवमय १५ वर्षमा प्रवेश गरेको अवसरमा हाम्रा विज्ञापनदाताहरु, आमपाठकवर्गहरु, स्तम्भकारहरु, कानून सल्लाहकारहरु सम्पूर्ण शुभचिन्तक ज्यूहरुमा हार्दिक आभार व्यक्त गर्दछौ । यहाँको साथ समर्थन सदा प्राप्त हुने अपेक्षा राख्दै हामी यहाँहरुको सेवामा सधैं तत्पर रहने बाचा गर्दछौं ।

सहीखबर परिवार

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

स्थानीय सरकारमा कानुनको शासन

संघीय लोकतान्त्रिक गणतन्त्रको सबैभन्दा ठूलो उपलब्धि जनताको घरदैलोमा सरकार पुग्नु हो। तर सरकार नजिकिँदैमा शासन जनमुखी हुन्छ भन्ने ग्यारेन्टी हुँदैन। मकवानपुरका बागमती र कैलाश गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण प्रतिवेदनले स्थानीय शासनको यही गम्भीर पक्ष उजागर गरेको छ। कानुनविपरीत करार नियुक्ति, लागत अनुमानबिनाको खरिद,एउटै योजनालाई टुक्रापारेर प्रतिस्पर्धाबाट छलिने प्रवृत्ति, इन्धन र सवारी मर्मतमा कमजोर अभिलेख, मापदण्डबिनाको खेलकुद तथा अतिथि सत्कारमा अनुत्पादक खर्च यी कुनै एक शीर्षकका प्राविधिक त्रुटी मात्र होइनन्। यी सार्वजनिक स्रोतप्रतिको जवाफदेहिताको संकटका संकेत हुन्।

अझ ठेक्का रद्द गर्दा असुल गर्नुपर्ने कार्यसम्पादन जमानत नउठाइनु, नापी किताबबिनै निर्माणसम्बन्धी भुक्तानी हुनु र कानुनले नचिनेका पदमा कर्मचारी नियुक्त गरिनुले स्थानीय तहमा कानुनी शासनको अवस्था कति कमजोर छ भन्ने देखाउँछ। स्थानीय तहमा हुने यस्ता बेथिति नयाँ होइनन्। महालेखापरीक्षकले वर्षेनि यस्तै प्रश्न उठाउँदै आएको छ। तर प्रतिवेदनका सुझाव कार्यान्वयन नहुने र अनियमितता दोहोरिइरहने हो भने लेखापरीक्षण केवल औपचारिक कर्मकाण्ड बन्नेछ। बेरूजु फर्स्यौटलाई मात्र सुधारको मापदण्ड मान्नु पर्याप्त छैन अनियमितता हुने नदिने प्रणाली विकास गर्नुपर्छ।

स्थानीय सरकारलाई अधिकार चाहिन्छ, तर अधिकारसँगै कठोर उत्तरदायित्व पनि चाहिन्छ। जनप्रतिनिधिले राजनीतिक संरक्षणको आडमा प्रशासनिक मनपरीलाई छुट दिनु हुँदैन। संघ, प्रदेश र स्थानीय तहबीचको समन्वयसँगै निगरानी संयन्त्र पनि प्रभावकारी हुनुपर्छ। अख्तियार, महालेखा, प्रदेश लोकसेवा र स्थानीय सभाको भूमिकालाई परिणाममुखी बनाउन आवश्यक छ। संघीयताको सफलता स्थानीय तहमा कति बजेट गयो भन्नेमा होइन, त्यो बजेट कति पारदर्शी, कानुनसम्मत र जनहितकारी ढंगले खर्च भयो भन्नेमा निर्भर गर्छ। सार्वजनिक धनमाथिको मनपरी रोक्न अब स्थानीय तहमा पनि 'कानुन सबैभन्दा माथि' भन्ने मान्यता व्यवहारमै स्थापित गर्नुपर्छ।

स्वास्थ्य बिमा : वित्तीय चुनौती र सुधारको बाटो

राष्ट्रिय परिचयपत्र, जन्मदर्ता, राहदानी, सवारी चालक अनुमतिपत्र, सामाजिक सुरक्षा लगायतका सार्वजनिक सेवासाग स्वास्थ्य बिमा दर्तालाई चरणबद्ध रूपमा आबद्ध गर्दै स्थानीय स्वास्थ्य संस्थाको क्षमता, जनशक्ति र सेवा गुणस्तर सुदृढ गर्न आवश्यक छ ।

✍ डा राजेन्द्र दुलाल



अमेरिकाले वार्षिक करिब ५.७ ट्रिलियन डलर स्वास्थ्य सेवामा खर्च गर्छ, जुन नेपालको वार्षिक बजेटभन्दा करिब ३ सय ५० गुणा बढी हो । त्यहाँ प्रतिव्यक्ति स्वास्थ्य खर्च वार्षिक करिब १५ हजार डलर छ, जुन अन्य विकसित देशको औसतभन्दा झन्डै दोब्बर हो । यति ठूलो खर्चका बावजुद अमेरिकाको औसत आयु करिब ७८ वर्ष मात्र छ, जबकि जापान र नर्वेजस्ता देशहरुले निकै कम स्वास्थ्य खर्चमै ८२/८५ वर्षको औसत आयु हासिल गरेका छन् ।

विश्वकै धनी र प्राविधिक रुपमा अग्रणी देश अमेरिकाको अनुभवले स्वास्थ्य सेवा अत्यन्त महँगो हुन सक्ने र ठूलो स्वास्थ्य खर्चले मात्र उत्कृष्ट स्वास्थ्य परिणाम सुनिश्चित नगर्ने देखाउँछ । जटिल निजी बिमा प्रणाली, महँगा औषधि, उच्च प्रशासनिक खर्च, स्वार्थ समूहको प्रभाव तथा अस्वस्थ जीवनशैलीजस्ता कारणले अमेरिकामा स्वास्थ्य सेवा महँगो, तुलनात्मक रुपमा कम प्रभावकारी र सीमित पहुँचयुक्त छ ।

नेपालले यसबाट वित्तीय अनुशासन, दिगोपन र स्वस्थ जीवनशैलीको प्रवर्द्धनका पाठ सिक्नुपर्छ । तर स्वास्थ्यलाई मौलिक अधिकार मान्ने आफ्नो संवैधानिक प्रतिबद्धतालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न जोड दिनुपर्छ । यही उद्देश्यले राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रम सुरू गरिएको भए पनि वित्तीय दिगोपन, सेवा गुणस्तर र संस्थागत व्यवस्थापनसम्बन्धी चुनौतीहरुले यसको भविष्यबारे गम्भीर प्रश्न उठेका छन् ।

स्वास्थ्य बिमाको वित्तीय संकट

नेपालको राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रम गम्भीर वित्तीय संकटबाट गुज्रिरहेको छ । पछिल्ला वर्षहरुमा वार्षिक उपचार दाबी करिब २४/२५ अर्ब रूपैयाँ पुगेको छ, जबकि प्रिमियम आम्दानी र सरकारी अनुदानबाट करिब १४ अर्ब रूपैयाँ मात्र जुटने गरेको छ । परिणामस्वरुप, हरेक वर्ष करिब १० अर्ब वित्तीय घाटा हुने गरेको छ, जसका कारण अस्पतालहरुलाई अर्बौं रूपैयाँ शोधभर्ना भुक्तानी बाँकी रहँदा केही सरकारी, सामुदायिक तथा निजी अस्पतालहरुले बिमित बिरामीको सेवा सीमित गर्न वा कार्यक्रमबाट अलग्गिन थालेका छन् । विश्व स्वास्थ्य संगठन (२०२३) अनुसार नेपालमा कुल स्वास्थ्य खर्चको करिब ५१ प्रतिशत अझै पनि नागरिकले आफ्नै गोजीबाट बेहोर्नुपर्छ, जुन दक्षिण एसियाकै उच्चमध्ये एक हो । फलस्वरुप, गम्भीर रोग वा आकस्मिक स्वास्थ्य समस्याले हजारौं परिवारलाई ऋणमा डुबाउने, सम्पत्ति बेच्न बाध्य बनाउने वा गरिबीमा धकेल्ने गरेको छ । त्यसैले स्वास्थ्य बिमाको प्रभावकारी व्यवस्थापन नागरिकको स्वास्थ्य सुरक्षा, आर्थिक स्थायित्व र गरिबी न्यूनीकरणसँग जोडिएको राष्ट्रिय प्राथमिकता हो ।

स्वास्थ्य वित्तीय प्रणालीको एकीकरण

हाल स्वास्थ्य बिमा बोर्ड, सामाजिक सुरक्षा कोष तथा विभिन्न सरकारी स्वास्थ्य सहायता कार्यक्रमहरु छुट्टाछुट्टै सञ्चालन भइरहेका छन् । चालु बजेटले यी कार्यक्रमलाई क्रमशः एकीकृत गरी स्वास्थ्य बिमा बोर्डमार्फत सञ्चालन गर्ने नीति लिएको छ । तर नीतिगत घोषणा मात्र पर्याप्त हुँदैन । स्पष्ट कार्ययोजना, संस्थागत समन्वय र साझा डिजिटल प्रणाली आवश्यक छन् । दक्षिण कोरियाले सन् २००० मा सयौं स्वास्थ्य बिमा कोषहरुलाई गाभेर राष्ट्रिय स्वास्थ्य बिमा प्रणाली स्थापना गरेझैं, नेपालले पनि स्वास्थ्य बिमा, सामाजिक सुरक्षा तथा अन्य सार्वजनिक स्वास्थ्य सहायता कार्यक्रमलाई क्रमशः एकीकृत राष्ट्रिय स्वास्थ्य कोषअन्तर्गत ल्याउनुपर्छ ।

स्वास्थ्य बिमाको दायरा विस्तार

स्वास्थ्य अर्थशास्त्रअनुसार बिमा पूर्ण रुपमा स्वैच्छिक हुँदा बिरामी र उच्च जोखिम भएका व्यक्तिहरु मात्र सहभागी हुने 'एडभर्स सेलेक्सन' को समस्या उत्पन्न भई बिमा कोष वित्तीय संकटतर्फ जान सक्छ । यही चुनौतीलाई सम्बोधन गर्न चालु बजेटले आगामी तीन वर्षभित्र करिब ९० प्रतिशत नागरिकलाई स्वास्थ्य बिमाको दायरामा ल्याउने लक्ष्य राखेको छ । तर प्रभावकारी कार्यान्वयन नै बढी महत्त्वपूर्ण छ । स्वास्थ्य बिमा बोर्डको २०८१/८२ को वार्षिक प्रतिवेदनअनुसार कम्तीमा एक पटक बिमा गर्ने नागरिक करिब ३३ प्रतिशत भए पनि क्रियाशील बिमित केवल २० प्रतिशत छन् । एडीबीका अनुसार जानकारीको अभाव, सेवाप्राप्तिमा अन्योल र गुणस्तरीय सेवा प्रदायकको सीमित उपलब्धता कम सहभागिताका प्रमुख कारण हुन् । त्यसैले राष्ट्रिय परिचयपत्र, जन्मदर्ता, राहदानी, सवारी चालक अनुमतिपत्र, सामाजिक सुरक्षा लगायतका सार्वजनिक सेवासँग स्वास्थ्य बिमा दर्तालाई चरणबद्ध रुपमा आबद्ध गर्दै स्थानीय स्वास्थ्य संस्थाको क्षमता, जनशक्ति र सेवा गुणस्तर सुदृढ गर्न आवश्यक छ ।

आर्थिक क्षमताअनुसार योगदान

'स्वास्थ्य बिमा सुधार सुझाव कार्यदलको प्रतिवेदन, २०८१' ले सुझाएझैं स्वास्थ्य बिमा कार्यक्रमको वित्तीय दिगोपन सुनिश्चित गर्न अति विपन्न, अशक्त तथा असहाय नागरिकको प्रिमियम सरकारले पूर्ण रुपमा व्यहोर्ने, निम्न आय भएका परिवारलाई आंशिक अनुदान दिने, मध्यम आय भएका परिवारबाट निश्चित प्रिमियम लिने तथा उच्च आय भएका नागरिकबाट तुलनात्मक रुपमा बढी योगदान गराउने व्यवस्था लागू गर्न सकिएमा यो प्रणाली अझ न्यायपूर्ण, समावेशी र दिगो बन्न सक्छ । तर नेपालमा नागरिकको आम्दानी र सम्पत्तिको विश्वसनीय विवरण अभावका कारण गरिबको पहिचान गर्ने सर्वस्वीकार्य मापदण्ड अझै विकसित हुन सकेको छैन । त्यसैले सरकारद्वारा जारी गरिएको गरिब परिचयपत्रलाई नियमित अद्यावधिक गर्दै राष्ट्रिय परिचयपत्र, स्थायी लेखा नम्बर, सामाजिक सुरक्षा, घरजग्गा, सवारीसाधन, विद्युत् खपत तथा स्थानीय तहका तथ्यांकलाई एकीकृत गरी 'प्रोक्सी मिन्स टेस्टिङ' जस्ता वैज्ञानिक विधि अपनाउनु आवश्यक छ ।

पूरक निजी स्वास्थ्य बिमा

फ्रान्स र अस्ट्रेलियाजस्ता सार्वभौमिक स्वास्थ्य सेवा भएका देशहरुमा सफलतापूर्वक लागू गरिएको पूरक निजी स्वास्थ्य बिमा (सप्लिमेन्ट्री प्राइभेट हेल्थ इन्स्योरेन्स) को मिश्रित मोडलबारे गहन अध्ययन गर्नुपर्छ । आधारभूत स्वास्थ्य सुरक्षालाई अनिवार्य र सार्वभौमिक अधिकारका रुपमा सुनिश्चित गर्दै निजी बिमामार्फत अस्पतालमा विशेष कोठा, द्रुत सेवा, अतिरिक्त औषधि वा विशेष उपचारजस्ता थप सुविधाहरु उपलब्ध गराउन सकिन्छ । यी देशहरुको सफल अनुभवले यस मोडलबाट नागरिकले केही हदसम्म स्वास्थ्य सेवामा छनोटको अवसर पाउने र सार्वजनिक प्रणालीमाथिको वित्तीय दबाब पनि कम हुने देखाएको छ ।

साथै, नेपालमा पनि स्वास्थ्य बिमा बोर्डले निजी अस्पताल र बिमा कम्पनीहरुसँग सहकार्य गरी

बाँकी पेज ४ मा

कैलाशमा बेथितिको चाङ

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको कैलाश गाउँपालिकामा आर्थिक वर्ष २०८१ /०८२ मा सार्वजनिक खर्च, खरिद प्रक्रिया, ठेक्का व्यवस्थापन, कर्मचारी सुविधा, इन्धन, मर्मत, खेलकुद, भ्रमण र सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनमा गम्भीर आर्थिक तथा प्रशासनिक बेथिति देखिएको छ।

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदनले गाउँपालिकाले कानुनविपरीत उपभोक्ता समितिबाट सामान खरिद गरेको, अधुरो सडक ठेक्कामा कार्यसम्पादन जमानत जफत नगरेको, करोडौं रुपैयाँ विभिन्न शीर्षकमा मापदण्डविपरीत खर्च गरेको तथा अभिलेख व्यवस्थापन अत्यन्त कमजोर रहेको औंल्याएको छ।

कानुनविपरीत ३ लाख ९१ हजार भुक्तानी

महालेखा परीक्षकको कार्यालयले कैलाश गाउँपालिकाले सार्वजनिक खरिद ऐन र नियमावलीविपरीत उपभोक्ता समितिमार्फत बाजा खरिद गराएको भन्दै प्रश्न उठाएको छ।

सार्वजनिक खरिदसम्बन्धी कानुनी व्यवस्थाअनुसार उपभोक्ता समितिमार्फत निर्माण तथा समुदायलाई हस्तान्तरण हुने प्रकृतिका आयोजना मात्र सञ्चालन गर्न सकिने भए पनि गाउँपालिकाले कैलाश-६ स्थित मगर नौमती बाजा संरक्षण उपभोक्ता समितिलाई नरसिंह, सनै, ढोलक, बाँसुरी, मादललगायत १४ प्रकार का बाजा खरिद गर्न दुई लाख ९१ हजार रुपैयाँ भुक्तानी गरेको प्रतिवेदनमा उल्लेख छ।

महालेखाले यस्तो कार्यले सार्वजनिक खरिद प्रणालीको मर्मविपरीत लाभग्राही समुदायलाई खरिदकर्ताको भूमिकामा प्रयोग गरिएको भन्दै यसलाई अनियमित खर्चका रूपमा औंल्याएको छ।

अधुरो सडक ठेक्कामा पनि जमानत जफत भएन, ३६ लाख ६३ हजार असुल गर्न निर्देशन : सालवास-सानैडाँडा सडक

निर्माणका लागि एक करोड १६ लाख ६० हजार रुपैयाँभन्दा बढीको ठेक्का सम्झौता भए पनि निर्माण कम्पनीले निर्धारित अवधिमा काम सम्पन्न गर्न सकेन।

पटक-पटक म्याद थप गरिए पनि करिब ७१ लाख रुपैयाँ बराबरको मात्रै काम सम्पन्न भएपछि गाउँपालिकाले अन्ततः ठेक्का रद्द गरेको थियो। तर सम्झौता रद्द गरेपछि जफत गर्नुपर्ने २६ लाख ६३ हजार रुपैयाँ कार्यसम्पादन जमानतसमेत असुल नगरेको महालेखाले औंल्याएको छ। प्रतिवेदनले बाँकी निर्माण सम्पन्न गर्न आवश्यक रकमसमेत ठेकेदारबाट सरकारी बाँकीसरह असुल गर्नुपर्ने स्पष्ट उल्लेख गरेको छ।

अतिथि सत्कार र सभा सञ्चालनमै ३० लाख खर्च,

कैलाश गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा अतिथि सत्कार, विविध तथा सभा सञ्चालनका नाममा २० लाख २८ हजार १०५ रुपैयाँ खर्च गरेको छ। महालेखा परीक्षकको कार्यालयका अनुसार विविध शीर्षकमा १३ लाख ७५ हजार ५५ रुपैयाँ र सभा सञ्चालनमा ६ लाख ५३ हजार ५० रुपैयाँ खर्च गरिएको हो।

यो रकम गाउँपालिकाको कुल आन्तरिक आम्दानीको करिब ९।१४ प्रतिशत बराबर हो। स्थानीय सरकार सञ्चालन ऐनले आन्तरिक आम्दानीको सीमाभित्र रही औचित्यका आधारमा मात्र यस्ता खर्च गर्नुपर्ने व्यवस्था गरे पनि गाउँपालिकाले उत्पादनमूलक तथा विकासमुखी कार्यक्रमभन्दा चालु प्रकृतिका खर्चलाई प्राथमिकता



दिएको महालेखाको निष्कर्ष छ। प्रतिवेदनले यस्ता खर्च नियन्त्रण गरी विकास निर्माण र प्रत्यक्ष प्रतिफल दिने क्षेत्रमा बजेट केन्द्रित गर्न सुझाव दिएको छ।

५० लाखको इन्धन खर्च, कुन गाडीले कति तेल जलायो भन्ने अभिलेख नै छैन

कैलाश गाउँपालिकाले एक वर्षमा इन्धनमा ५० लाख ४६ हजार ४५ रुपैयाँ खर्च गरेको छ। तर यति ठूलो रकम खर्च गर्दा कुन सवारी साधनले कति इन्धन उपभोग गऱ्यो भन्ने स्पष्ट अभिलेख नै नराखिएको महालेखाले जनाएको छ।

गाउँपालिकासँग स्कार्पियो, बोलेरो, ट्रिपर, दुई एम्बुलेन्स, २९ वटा मोटरसाइकल र दुई स्कुटर रहे पनि ती सवारीको इन्धन खपतको एकीकृत विवरण तयार गरिएको छैन।

अध्यक्ष, उपाध्यक्ष तथा वडाध्यक्षले कानुनले तोकेको मासिक सीमाभन्दा बढी इन्धन प्रयोग गरेको देखिएको छ भने सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली ९एब८० मा इन्धन खर्च प्रविष्ट नगरी सिधै कुपन र बिलका आधारमा भुक्तानी गरिएको पाइएको छ। लगबुकसमेत अद्यावधिक नराखिएकाले वास्तविक इन्धन खपत पुष्टि गर्न कठिन भएको भन्दै महालेखाले खर्च प्रणालीमा सुधार गर्न निर्देशन दिएको छ।

आन्तरिक आम्दानीको ३० प्रतिशत कर्मचारी प्रोत्साहन भत्तामै खर्च

गाउँपालिकाले कर्मचारी प्रोत्साहन तथा पुरस्कार शीर्षकमा ४४ लाख ९८ हजार ३८ रुपैयाँ खर्च गरेको छ। यो रकम गाउँपालिकाको कुल आन्तरिक आम्दानी २ करोड २१ लाख ८४ हजार रुपैयाँको करिब २०।२७ प्रतिशत बराबर हो। स्थानीय सरकार सञ्चालन ऐनले कर्मचारी सुविधा सम्बन्धी व्यवस्था कानुनअनुसार हुनुपर्ने उल्लेख गरे पनि आफ्नै स्रोतको ठूलो हिस्सा प्रोत्साहन भत्तामा खर्च गरिएको भन्दै महालेखाले प्रश्न उठाएको छ। प्रतिवेदनले स्थानीय तहले आफ्नो आम्दानीले धान्न सक्ने गरी मात्रै यस्ता सुविधा निर्धारण गर्नुपर्ने र विकासका प्राथमिक क्षेत्रमा बजेट केन्द्रित गर्नुपर्ने उल्लेख गरेको छ।

स्थायी पदमा पनि करार कर्मचारी, ३४ पदमा कानुनविपरीत नियुक्ति

महालेखाको प्रतिवेदनले कैलाश गाउँपालिकाले प्रदेश कानुनले अनुमति नदिएका पदमा समेत करार कर्मचारी राखेको उल्लेख गरेको छ। प्रदेशको स्थानीय सेवा ऐनले कम्प्युटर अपरेटर, कार्यालय सहयोगी, चालक, चौकीदार, स्वीपरलगायत सीमित पदमा मात्र करार सेवा लिन मिल्ने व्यवस्था गरेको भए पनि गाउँपालिकाले इन्जिनियर, सब-इन्जिनियर, कृषि, पशु, स्वास्थ्यलगायत २४ वटा स्थायी प्रकृतिका पदमा करारमार्फत कर्मचारी नियुक्त गरेको पाइएको छ।

करार सेवामा मात्रै एक वर्षमा एक करोड ८७ लाख ७५ हजार ११५ रुपैयाँ खर्च भएको प्रतिवेदनमा उल्लेख छ। महालेखाले यस्ता पद प्रदेश लोकसेवा आयोगमार्फत स्थायी रूपमा पूर्ति गर्नुपर्नेमा जोड दिएको छ।

सवारी मर्मतमा ५१ लाख खर्च, अभिलेख र प्रक्रिया दुवै अस्तव्यस्त

गाउँपालिकाले आर्थिक वर्षभर सवारी तथा मेशिनरी उपकरण मर्मतमा ५१ लाख ५ हजार ३५५ रुपैयाँ खर्च गरेको छ। तर मर्मत आदेश, मर्मत अभिलेख र खर्चको विवरण नियमअनुसार नराखिएको महालेखाले जनाएको छ।

कतिपय मोटरसाइकलमा तोकिएको वार्षिक सीमाभन्दा बढी मर्मत खर्च गरिएको छ भने चार पाङ्ग्रे सवारीको मर्मतमा पनि स्पष्ट मापदण्ड नअपनाई आवश्यकताका आधारमा खर्च गरिएको देखिएको छ। मर्मत आदेश PAMSप्रणालीबाट नगरी म्यानुअल रूपमा राखिएको, कतिपय रकम सम्बन्धित वर्कसपलाई सिधै नदिई कर्मचारीले सोधभर्ना लिएको तथा मर्मतको अभिलेख व्यवस्थित नभएको प्रतिवेदनमा उल्लेख छ। महालेखाले मर्मतसम्बन्धी सबै प्रक्रिया कानुनअनुसार पार दर्शी बनाउन निर्देशन दिएको छ।

खेलकुदका नाममा ३८ लाख खर्च, मापदण्ड नै बनाएन गाउँपालिका

कैलाश गाउँपालिकाले खेलकुद कार्यक्रम सञ्चालनका लागि २८ लाख ८ हजार २५० रुपैयाँ खर्च गरेको छ। तर खर्चका लागि आवश्यक मापदण्ड नै स्वीकृत नगरी विभिन्न खेलकुद समिति र समूहलाई रकम वितरण गरिएको महालेखाले जनाएको छ।

भलिबल, फुटबललगायत प्रतियोगिता सञ्चालन, खेल सामग्री खरिद, खेल पोशाक, पुरस्कार, प्रशिक्षक भत्ता, खाना, खाजा तथा यातायातमा खर्च गरिएको भए पनि खेलाडीको संख्या, सहभागी दिन तथा सामग्री वितरणको व्यवस्थित अभिलेख नराखिएको पाइएको छ। एउटै समूहलाई पटक-पटक रकम उपलब्ध गराइए पनि सामग्रीको उपयोगबारे अनुगमन नभएको र खर्च वितरणमुखी भएको महालेखाको टिप्पणी छ।

वडा कार्यालय खर्चमा नगद कारोबार र बैठक भत्ताको मनपरी

गाउँपालिकाले १० वटा वडा कार्यालय सञ्चालनका लागि २४ लाख रुपैयाँ खर्च गरेको छ। तर वडा सञ्चालन खर्चका लागि छुट्टै मापदण्ड नबनाई विभिन्न शीर्षकमा खर्च गरिएको प्रतिवेदनमा उल्लेख छ। महालेखाका अनुसार खरिद गरिएका सामग्रीको माग फाराम, खरिद आदेश तथा जिन्सी अभिलेख व्यवस्थित छैन। कतिपय वडा कार्यालयले बैठक बसेको प्रमाण वा उपस्थितिको विवरणबिना नै खाना-खाजा खर्च भुक्तानी गरेका छन्।

यस्तै विभिन्न आपूर्तिकर्तालाई बैंकमार्फत भुक्तानी गर्नुको सट्टा वडा कर्मचारीले नगद सोधभर्ना लिएको पाइएको छ। दैनिक प्रशासनिक कामलाई समेत बैठक देखाएर बैठक भत्ता वितरण गरिएको भन्दै महालेखाले यस्तो अभ्यास रोक्न निर्देशन दिएको छ।

सामाजिक सुरक्षा भत्ता वितरणका नाममा थप ३ लाख ४४ हजार खर्च

सामाजिक सुरक्षा भत्ता बैंकमार्फत वितरण हुने कानुनी व्यवस्था हुँदाहुँदै कैलाश गाउँपालिकाले घुम्ती बैंकिङ सेवा सञ्चालनका नाममा थप दुई लाख ४४ हजार २१० रुपैयाँ खर्च गरेको छ। उक्त रकम बैंक कर्मचारी, वडा कर्मचारी, सुरक्षा निकाय र जनप्रतिनिधिको खाना तथा यातायात खर्चमा प्रयोग गरिएको प्रतिवेदनमा उल्लेख छ। महालेखाले बैंकमार्फत वितरण भइसकेपछि यस्ता अतिरिक्त खर्च गर्नु कानुनसम्मत नदेखिएको भन्दै उक्त रकमलाई अनियमित खर्चका रूपमा औंल्याएको छ।

भ्रमण खर्चमा पनि महालेखाको प्रश्न, उद्देश्यभन्दा भत्ता केन्द्रित

गाउँपालिकाले आर्थिक वर्षभर भ्रमण शीर्षकमा १९ लाख १७ हजार ५१५ रुपैयाँ खर्च गरेको छ। तर अधिकांश भ्रमण खर्चको उद्देश्य, उपलब्धि र औचित्य पुष्टि हुने आधार भेटिएको छैन। महालेखाका अनुसार कतिपय भ्रमण आदेश दर्ता गरिएको छैन भने भ्रमण अभिलेख पनि अद्यावधिक छैन।

भ्रमण प्रतिवेदन औपचारिक मात्रै रहेको, भ्रमणबाट प्राप्त उपलब्धि नखुलेको, कार्यालयसँग असम्बन्धित स्थानमा समेत भ्रमण खर्च गरिएको तथा कार्यक्रमको निमन्त्रणा र कर्मचारी छनोटसम्बन्धी कागजातसमेत संलग्न नराखिएको पाइएको छ। धेरैजसो भ्रमण सात दिनसम्मका स्वीकृत गरिएकाले वास्तविक आवश्यकता र खर्चबीच मेल नदेखिएको भन्दै महालेखाले भ्रमण आदेश स्वीकृत गर्ने अधिकारीलाई थप जिम्मेवार बनाउनुपर्ने उल्लेख गरेको छ।

बागमती गाउँपालिकामा कानुन मिचेर करोडौं खर्च: महालेखाको प्रश्नै पप्रश्न

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको बागमती गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ मा कर्मचारी नियुक्ति, सार्वजनिक खरिद, इन्धन, सवारी मर्मत, खेलकुद, अतिथि सत्कार, घरभाडा सुविधा र विभिन्न प्रशासनिक खर्चमा कानुनी प्रक्रिया पालना नगरी करोडौं रूपैयाँ खर्च गरेको पाइएको छ।

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको प्रतिवेदन अनुसार गाउँपालिकाले स्थानीय सेवा ऐन, सार्वजनिक खरिद ऐन तथा नियमावली र आफ्नै कार्यसञ्चालन निर्देशिकासमेत उल्लंघन गर्दै विभिन्न शीर्षकमा खर्च गरेको उल्लेख गरिएको छ।



२७ पदमा गैरकानुनी करार नियुक्ति

प्रतिवेदनअनुसार गाउँपालिकाले करार सेवाका लागि दुई करोड ३१ लाख ३० हजार रूपैयाँभन्दा बढी खर्च गरेको छ। तर कानुनले करारमा राख्न नमिल्ने मेडिकल अधिकृत, इन्जिनियर, अधिकृत, सबइन्जिनियर, कृषि तथा पशु प्राविधिक, एएनएम, एचए लगायत २७ वटा पदमा समेत करारमार्फत कर्मचारी नियुक्ति गरिएको उल्लेख छ।

महालेखाले आवश्यक पदका लागि समयमै प्रदेश लोकसेवा आयोगमा माग पठाई स्थायी पदपूर्ति गर्नुपर्नेमा त्यसो नगरी वर्षौंदेखि करार प्रणालीलाई निरन्तरता दिएको भन्दै प्रश्न उठाएको छ।

भूमि आयोगका नाममा थप करार कर्मचारी

भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत संकलनका लागि तीन जना अमिन र पाँच जना अमिन सहयोगी करारमा नियुक्त गरी २५ लाख ३३ हजार रूपैयाँभन्दा बढी तलब भत्ता वितरण गरिएको प्रतिवेदनमा उल्लेख छ। महालेखाले कार्यविधिअनुसार भूमि शाखाले तोकिएको जिम्मेवारी पूरा गर्नुपर्ने जनाएको छ।

अध्यक्षका स्वकीय सचिव, कानुनी सल्लाहकार र खेल प्रशिक्षक नै गैरकानुनी

महालेखाको प्रतिवेदनले गाउँपालिकाका अध्यक्षले कानुनमै व्यवस्था नभएका स्वकीय सचिव र कानुनी सल्लाहकार नियुक्त गरेको उल्लेख गरेको छ। त्यस्तै तीन जना खेलकुद प्रशिक्षकसमेत करारमा नियुक्त गरी पारिश्रमिक वितरण गरिएको देखिएको छ। प्रतिवेदनमा बागमती प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्य सुविधा सम्बन्धी ऐन र स्थानीय सरकार सञ्चालन ऐनले यस्ता पदमा नियुक्तिको व्यवस्था नगरेको स्पष्ट उल्लेख गरिएको छ।

लागत अनुमानबिनै लाखौंको खरिद

महालेखा परीक्षकको कार्यालयका अनुसार गाउँपालिकाले इन्भर्टर, फर्निचर, भोल्टेज स्टेबलाइजर, अल्ट्रासाउन्ड मेसिन, रंगशालाको लाइट व्यवस्थापन लगायतका सामग्री खरिद गर्दा लागत अनुमान नै तयार नगरी सोझै कोटेशन मागेर भुक्तानी गरेको पाइएको छ।

सार्वजनिक खरिद नियमावलीले लागत अनुमान तयार गर्न अनिवार्य गरेको भए पनि पालिकाले त्यसको पालना नगरेको प्रतिवेदनमा उल्लेख छ।

एउटै रंगशाला योजनामा दुक्र्याएर सोझै खरिद

सहिद स्मृति रंगशालासम्बन्धी वायरिङ, लाइट, सेनिटरी तथा इलेक्ट्रिकल र फाइबर निर्माणका काम छुट्टाछुट्टै योजनाका रुपमा देखाएर पटक पटक सोझै खरिद गरिएको महालेखाको निष्कर्ष छ।

प्रतिवेदनले एउटै योजनालाई विभाजन गरी प्रतिस्पर्धात्मक बोलपत्र प्रक्रियाबाट नगई सोझै खरिद गर्नु सार्वजनिक खरिद ऐनको मर्मविपरीत भएको जनाएको छ।

घरभाडामा १० लाख खर्च, मापदण्ड भने शून्य

गाउँपालिकाले अन्य स्थानीय तहबाट आएका कर्मचारीलाई घरभाडा सुविधाबापत १० लाख २७ हजार ६ सय रूपैयाँ वितरण गरेको छ। तर वितरणका लागि आवश्यक कार्यविधि तथा मापदण्ड नै बनाइएको छैन।

महालेखाले पालिकाको आन्तरिक आम्दानीको करिब ४।६६ प्रतिशत रकम घरभाडामै खर्च भएको उल्लेख गर्दै स्पष्ट मापदण्ड बनाएर मात्रै सुविधा उपलब्ध गराउन सुझाव दिएको छ।

जनप्रतिनिधिलाई ६३ लाख सेवा सुविधा

प्रतिवेदनअनुसार अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्य गरी ४६ जना जनप्रतिनिधिलाई सेवा सुविधाबापत ६३ लाख ३६ हजार रूपैयाँ भुक्तानी गरिएको छ।

महालेखाले उक्त रकम प्रदेश कानुनअनुसार खर्च भएको उल्लेख गरे पनि समग्र चालु खर्च बढ्दो अवस्थामा रहेको संकेत गरेको छ।

अतिथि सत्कार र सभा सञ्चालनमै ३४ लाख खर्च

गाउँपालिकाले अतिथि सत्कार, विविध तथा सभा सञ्चालन शीर्षकमा मात्रै ३३ लाख ९६ हजार रूपैयाँ खर्च गरेको छ। यो पालिकाको आन्तरिक आम्दानीको झण्डै १५।७८ प्रतिशत बराबर रहेको प्रतिवेदनमा उल्लेख छ। महालेखाले यस्ता प्रशासनिक खर्च नियन्त्रण गरी उत्पादनमुखी क्षेत्रमा बजेट केन्द्रित गर्नुपर्ने सुझाव दिएको छ।

दरबन्दीभन्दा बढी कर्मचारी राखियो

महालेखा परीक्षकको प्रतिवेदनमा गाउँसभाबाट स्वीकृत २०३ दरबन्दीभन्दा बाहिर थप कर्मचारी करारमा नियुक्त गरिएको उल्लेख छ। संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट स्वीकृत संरचनाभन्दा बढी पदपूर्ति गर्नु कानुनसम्मत नभएको महालेखाको निष्कर्ष छ।

इन्धनमा २३ लाख खर्च, अभिलेख नै छैन

गाउँपालिकाले इन्धन शीर्षकमा २३ लाख रूपैयाँ बजेट खर्च गरे पनि कुन गाडीले कति इन्धन प्रयोग गऱ्यो भन्ने अभिलेख व्यवस्थित नराखेको प्रतिवेदनमा उल्लेख छ। महालेखाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा इन्धन प्रविष्टि नगरेको, लगबुक अद्यावधिक नभएको र पदाधिकारीले आवश्यकताका आधारमा इन्धन प्रयोग गरेको देखिएको भन्दै कानुनी व्यवस्था पालना गर्न निर्देशन दिएको छ।

सवारी मर्मतमा ९१ लाख, प्रणाली प्रयोग भएन

सवारी तथा मेशिनरी मर्मतमा ९१ लाख ५९ हजार रूपैयाँभन्दा बढी खर्च भएको भए पनि एमआईएस प्रणाली प्रयोग नगरिएको, मर्मत आदेश व्यवस्थित नराखिएको र मर्मत अभिलेखसमेत अद्यावधिक नभएको महालेखाले औंल्याएको छ।

कतिपय अवस्थामा मर्मत रकम सम्बन्धित फर्मलाई नभई व्यक्तिलाई सोधभर्ना गरिएको समेत प्रतिवेदनमा उल्लेख छ।

विकास निर्माणको इन्धनमा एक करोड २४ लाख, नापी किताब छैन

निर्माण उपकरणका लागि नेपाल आयल निगमलाई एक करोड २४ लाख २६ हजार रूपैयाँ इन्धन भुक्तानी गरिएको भए पनि त्यसअनुसारको नापी किताब वा वास्तविक कार्यसम्पादन पुष्टि हुने अभिलेख संलग्न नभएको महालेखाले जनाएको छ। प्रतिवेदनले नापजाँच र कार्यसम्पादनको आधार मा मात्रै यस्ता भुक्तानी गर्नुपर्ने स्पष्ट उल्लेख गरेको छ।

खेलकुदमा ५६ लाख खर्च, मापदण्ड र अनुगमन दुवै अभाव

गाउँपालिकाले खेलकुद कार्यक्रमका लागि ५६ लाख ५४ हजार रूपैयाँभन्दा बढी खर्च गरेको भए पनि खर्चका लागि कुनै मापदण्ड स्वीकृत नगरेको महालेखाले जनाएको छ।

प्रतिवेदनअनुसार खेल सामग्री वितरण, खाना, खाजा, यातायात, पोशाक, पुरस्कार तथा प्रशिक्षक भत्तामा ठूलो रकम खर्च गरिएको भए पनि खेलाडी संख्या, सामग्रीको अभिलेख तथा उपयोगको अनुगमन व्यवस्थित छैन। महालेखाले यस्ता वितरणमुखी खर्च नियन्त्रण गरी नतिजामूलक कार्यक्रम सञ्चालन गर्न सुझाव दिएको छ।

महालेखा परिक्षकको कार्यालयलयले आर्थिक वर्ष २०८१/०८२ को प्रतिवेदनमा उल्लेख गरेको ५० पेजको प्रतिवेदनमा मकवानपुरको बागमती गाउँपालिकाले नियम विपरित गरेका कामको विवरण आफ्नो वेवसाइटमा राखेको छ ।

स्वास्थ्य बिमा: वित्तीय चुनौती...

यस्ता अतिरिक्त सुविधा उपलब्ध गराउन सके यसलाई स्वास्थ्य पर्यटनसँग पनि जोड्न सकिन्छ ।

भुक्तानी प्रणाली सुधार

स्वास्थ्य बिमाको दायित्व कम गर्न केन्द्रीयस्तरबाट औषधिको थोक खरिद, जेनेरिक औषधिको प्रवर्द्धन, मूल्य नियमन तथा रणनीतिक सेवा खरिदलाई प्रभावकारी रुपमा लागू गर्नुपर्छ, जसबाट ताइवान र थाइल्यान्डले उल्लेखनीय सफलता हासिल गरेका छन् । अस्पतालहरुको शोधभर्ना दाबी बिरामीको मोबाइलमा आउने ओटीपी (वन-टाइम पासवर्ड) वा डिजिटल प्रमाणीकरणपछि मात्र स्वीकृत गर्ने व्यवस्था अनिवार्य गरिनुपर्छ । साथै, यस प्रणालीमा देखिने नैतिक जोखिम (मोरल ह्याजार्ड) न्यूनीकरण गर्न बिमितको अस्वस्थ व्यवहार (एक्स-एन्टे मोराल ह्याजार्ड) र प्रदायकबाट हुने अनावश्यक परीक्षण वा उपचार (एक्स-पोस्ट मोराल ह्याजार्ड) नियन्त्रणका लागि स्वस्थ जीवनशैलीको प्रवर्द्धन, प्रभावकारी रेफरल प्रणाली, वैज्ञानिक सहभुक्तानी तथा डिजिटल दाबी परीक्षण प्रणाली आवश्यक छन् । उपचार शोधभर्नामा हालको 'फी-फर-सर्भिस' प्रणालीको सट्टा 'डीआरजी' (डायग्नोसिस रिलेटेड ग्रुप) भुक्तानी मोडल अपनाउँदा अनावश्यक खर्च नियन्त्रण गर्न मद्दत पुग्न सक्छ ।

'गेटकिपिङ' प्रणाली

नेपालको स्वास्थ्य प्रणाली धेरै हदसम्म 'उल्टो पिरामिड' जस्तो छ, जहाँ सामान्य रोगका लागि पनि बिरामी सिधै ठूला अस्पताल पुग्ने गर्छन् । त्यसैले स्थानीय स्वास्थ्य चौकी, आधारभूत अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्रलाई पहिलो प्रवेशद्वार बनाउँदै प्रभावकारी 'गेटकिपिङ' प्रणाली लागू गर्नुका साथै सरकारी स्वास्थ्यकर्मीलाई उचित प्रोत्साहन र अस्पतालहरुको 'रेटिङ' प्रणालीमार्फत सेवा गुणस्तर सुधार गर्न आवश्यक छ ।

साथै, कुल मृत्युको ७० प्रतिशतभन्दा बढीका लागि जिम्मेवार जीवनशैलीजन्य रोग नियन्त्रण गर्न विद्यालयमा शारीरिक शिक्षा अनिवार्य गर्ने, अत्यधिक चिनी र प्रशोधित खाद्य पदार्थमा 'सुगर ड्रयाक्स' लगाई त्यसको केही राजस्व बिमा कोषमा परिचालन गर्ने तथा जापानको 'मेटाबो' कार्यक्रमजस्ता रोकथाममुखी उपाय अपनाउन सकिन्छ ।

डिजिटल स्वास्थ्य र 'हब-एन्ड-स्पोक' टेलिमेडिसिन प्रणालीको विस्तारले दुर्गम क्षेत्रका नागरिकको विशेषज्ञ सेवामा पहुँच बढाउनुका साथै उपचारसम्बन्धी यात्रा र अन्य खर्च पनि घटाउन मद्दत गर्नेछ ।

आत्मनिर्भर स्वास्थ्य बिमातर्फ

स्वास्थ्य र स्वास्थ्य बिमा केवल व्यक्तिगत स्वास्थ्यका विषय होइनन्, यी आर्थिक सुरक्षा, सामाजिक न्याय, मानव पुँजी निर्माण र राष्ट्रिय विकासका आधारस्तम्भ हुन् । सीमित राजस्व स्रोत, ठूलो अनौपचारिक अर्थतन्त्र र विकासका चुनौतीबीच नेपालले स्वास्थ्य अधिकारको संवैधानिक प्रतिबद्धतालाई व्यवहारमा उतार्न स्वास्थ्य बिमालाई वित्तीय रुपमा आत्मनिर्भर र दिगो बनाउनु अपरिहार्य छ ।

इमानदार राजनीतिक प्रतिबद्धता, प्रभावकारी वित्तीय व्यवस्थापन, रोकथाममुखी स्वास्थ्य प्रणाली र सुदृढ प्राथमिक स्वास्थ्य सेवामार्फत नेपालले स्वास्थ्य बिमालाई भरपर्दो, समावेशी र आत्मनिर्भर बनाउँदै स्वस्थ नेपाली र समृद्ध नेपालको बलियो आधार निर्माण गर्न सक्छ ।

कान्तिपुरबाट साभार

सम्बन्धविच्छेद : आमाबुबाको विछोड, सन्तानलाई चोट

○ सहीखबर संवाददाता

आमाबुबाको सम्बन्धविच्छेद कानुनी रूपमा दुई व्यक्तिको वैवाहिक सम्बन्धको अन्त्य हो । तर त्यसको असर प्राय: उनीहरूका सन्तानले वर्षौंसम्म बोकेर हिँड्नुपर्छ ।

परिवारको न्यानोपन गुमाउनु, आफूलाई अरूसँग तुलना गरेर हीनताबोध गर्नु, आर्थिक तथा भावनात्मक असुरक्षा भोग्नु र मानसिक स्वास्थ्यमा समस्या देखिनु सम्बन्ध विच्छेदपछि धेरै बालबालिका तथा किशोरकिशोरीले भोग्ने साझा यथार्थ हो । मनोचिकित्सकका अनुसार अभिभावक छुट्टिए पनि सन्तानप्रतिको जिम्मेवारी र सम्बन्ध टुट्नु हुँदैन, अन्यथा त्यसको असर उनीहरूको व्यक्तित्व विकासदेखि भविष्यसम्म पर्न सक्छ । कास्कीकी २१ वर्षीया खुसी गुरुङ (नाम परिवर्तन) दुई वर्षकी हुँदा उनका आमाबुबाको सम्बन्धविच्छेद भयो । आमा विदेश गइन् । त्यसयता उनी मामाघरमै हुर्किइन् । सानै भएकाले सुरुमा केही थाहा पाएनन् । उमेर बढ्दै जाँदा भने आफ्ना आमाबुबा सँगै नभएको यथार्थले उनलाई पटक-पटक दुखायो ।

'साथीहरूका ममीबुबाले उनीहरूलाई माया गरेको, सँगै घुमेको वा जन्मदिन मनाएको देख्दा मेरो पनि परिवार यस्तै भएको भए कस्तो हुन्थ्यो भन्ने लाग्थ्यो' उनी भन्छिन्, 'यस्तै सोच्दा कतिपय रात निद्रै लाग्दैनथ्यो ।"

सम्बन्ध विच्छेदपछि उनका दुवै अभिभावकले दोस्रो विवाह गरे । बुबासँग बेला-बेलामा भेट भए पनि आमासँगको सम्बन्ध भने लगभग टुटेजस्तै भयो । अहिले अध्ययन र काममा व्यस्त भएपछि आफूलाई सम्हाल्न सहज भएको उनी बताउँछिन् । केही महिनाअगाडि मात्र उनी अध्ययनका लागि जापान गएकी छन् ।

यस्तै अनुभव काठमाडौंका एक किशोरको पनि छ । आमाबुबाको सम्बन्धविच्छेदपछि सुरुमा बुबाले पढाइको खर्च बेहोर्ने सहमति भए पनि केही समयमै उनले जिम्मेवारी लिन छाडे । 'बुबाले दोस्रो विवाह गरेपछि स्कुलको शुल्कसमेत तिर्न बन्द गर्नुभयो' उनी भन्छन् । त्यसबेला आमाको आम्दानी नभएकाले घरभाडादेखि विद्यालय शुल्कसम्म जुटाउन परिवारलाई निकै कठिन भयो ।

'सबैभन्दा नराम्रो आफ्नै बुबाले वास्ता नगरेको महसुस हुनु थियो' उनी भन्छन् । अहिले आमाको व्यवसायले आर्थिक अवस्था सहज भए पनि बाल्यकालका ती अनुभवले अझै पीडा दिने उनको भनाइ छ ।

आमाको आम्दानीको बाटो भएकाले अहिले पैसाका लागि बुबालाई फोन गर्नै नपर्ने उनी बताउँछन् । 'तर कहिलेकाहीं याद आएका बेला फोन गर्छु' उनले भने, 'म सानो हुँदाको एउटा कुरा याद आउँछ । परिवारसँगै बसेर रमाइलो गर्ने समयमा भेट्न समय मिलाउनुपर्ने अनि बुबाको समय नमिल्ने, त्यस्तो सम्झँदा अहिले नरमाइलो लाग्ने रहेछ ।'

मनोचिकित्सक डा. अमित झाका अनुसार सम्बन्ध विच्छेदको असर बालबालिकाको उमेर अनुसार फरक-फरक रूपमा देखिन्छ । 'बालबालिकाको सर्वांगीण विकासका लागि आमा र बुवा दुवैको भूमिका महत्वपूर्ण हुन्छ' उनी भन्छन्, 'सम्बन्ध विच्छेदले उनीहरूले एउटा महत्वपूर्ण भावनात्मक सहारा गुमाएको अनुभूति गराउँछ ।'

उनका अनुसार साना बालबालिकाले किन आमाबुबा छुट्टिए भन्ने बुझ्न सक्दैनन् भने किशोर किशोरीहरूले आफ्ना साथीहरूको परिवारसँग तुलना गर्न थाल्छन् । त्यसले हीनताबोध, उदासी, रिस, आत्मविश्वासमा कमी तथा 'एडजस्टमेन्ट डिसअर्डर' जस्ता समस्या निम्त्याउन सक्छ । लामो समयसम्म तनाव व्यवस्थापन हुन नसके डिप्रेसन, एन्जाइटी, लागुपदार्थ दुर्व्यसन र अत्यधिक स्क्रिन प्रयोगजस्ता समस्या पनि देखिन सक्छन् ।

डा. झाका अनुसार सम्बन्ध विच्छेदपछि पनि सन्तानसँग नियमित भेटघाट, संवाद र भावनात्मक साथ आवश्यक हुन्छ । बच्चासँग बस्ने अभिभावकले सकेसम्म आमा र बुवा दुवैको भूमिका निभाउने प्रयास गर्नुपर्छ भने हजुरआमा, हजुरबुबा तथा अन्य परिवारका सदस्यको साथले पनि बालबालिकालाई एक्लोपन कम गराउन सहयोग पुऱ्याउँछ ।

लामो समयसम्म तनाव व्यवस्थापन हुन नसकेमा डिप्रेसन, एन्जाइटी र लागुपदार्थ दुर्व्यसनजस्ता गम्भीर समस्या निम्तिन सक्ने पनि विज्ञ बताउँछन् । तनाव कम गर्न बालबालिकाले इन्टरनेटको सहारा लिन सक्ने र त्यसले 'स्क्रिन एडिक्ट' बनाउने झाको भनाइ छ । सम्बन्ध विच्छेद कानुनी अवधारणा मात्रै हो, सामाजिक वा मानवीय सम्बन्धको पूर्ण अन्त्य होइन । तर अभिभावक आफ्नै सन्तानको जिम्मेवारीबाट सदाका लागि टाढा हुँदा त्यसले बालबालिकालाई दीर्घकालसम्म असर पुऱ्याइरहन्छ ।

पारिवारिक विखण्डनले सन्तानको भविष्य नै अन्योलमा पर्ने त्रिभुवन विश्वविद्यालयका सह-प्राध्यापक लक्ष्मणप्रसाद शर्मा बताउँछन् । 'सुमधुर र भावनात्मक सम्बन्धको अभावमा सन्तानको सिकाइ तथा हुर्काइ प्रक्रियामा नकारात्मक प्रभाव पर्न सक्छ,' उनले भने, 'यसले भोलिको समाज कस्तो होला भन्ने गम्भीर चिन्ताको विषय हो ।'

मुलुकी देवानी संहिता, २०७४ को दफा ११४/११५ मा सम्बन्ध विच्छेदपछि सन्तानको संरक्षकत्व र हेरचाहको व्यवस्था गरिएको छ । बच्चाको उमेर र उसको हितलाई ध्यानमा राखेर संरक्षकत्व निर्धारण गर्ने गरिने अधिवक्ता भावेश गौतम बताउछन् । 'अदालतले सम्बन्ध विच्छेदको फैसला गर्दा बच्चाको सर्वोत्तम हितलाई प्राथमिकता दिने गरेको छ' उनले भने ।

'पाँच वर्षमुनिको नाबालक भए आमाले अर्को विवाह गरेको भए वा नभए पनि राख्न पाउने व्यवस्था छ' उनले भने, 'पाँचदेखि १० वर्षसम्मको बच्चा आमाले राख्न चाहेमा र बुबाले खर्च बेहोर्नुपर्ने गरी आमाको साथमा राख्न सकिन्छ वा बुबाले पनि राख्न पाउने व्यवस्था रहन्छ ।' उनका अनुसार १० वर्षभन्दा माथिको बच्चाको अवस्थामा उनीहरुको राय सोधिने र उसैको स्वीकृतिमा संरक्षकत्वमा रहने व्यवस्था गरिएको छ ।

सर्वोच्च अदालतको तथ्यांकअनुसार सम्बन्ध विच्छेदका मुद्दाको संख्या बर्सेनि बढ्दै गएको छ। २०८०/८१ मा देशभरका विभिन्न अदालतमा ४० हजार ३ सय २० मुद्दा दर्ता भएका थिए । जसमा ३१ हजार ७ सय ५२ मुद्दाको फछ्यौंट भए । २०८१/८२ मा ४२ हजार ७ सय ३९ मुद्दा दर्ता भएकामा फछ्यौंट संख्या ३३ हजार ५० वटा छ । चालु आर्थिक वर्ष २०८२/८३ जेठसम्म ४२ हजार ७ सय ३ मुद्दा दर्ता भएका देखिन्छन् । त्यसमा २९ हजार १ सय ३१ मुद्दाको फैसला भएको तथ्यांकमा उल्लेख छ ।

सम्बन्ध विच्छेदपश्चात् सन्तानलाई अर्को पक्षले भेट्न गाह्रो हुने र यसमा वर्गले पनि प्रभाव पार्ने गरेको गौतम सुनाउँछन् । 'चाहेको समयमा भेट्न पाउने कानुनी व्यवस्था भए पनि नेपाली समाजमा त्यो खासै लागू भएको देखिन्छ' उनले भने' उच्च वर्गका आर्थिक सम्पन्न परिवारले बच्चालाई विदेशमा लगेर राख्ने गरेकाले अर्को पक्षले भेट्न गाह्रो हुने अवस्था छ,' उनले भने, 'मध्यम वर्गमा सम्बन्ध विच्छेदपछि सन्तानले पितृ संरक्षणको अभाव महसुस गर्ने समस्या बढी छ । निम्न वर्गमा सामान्यतया महिलाले अर्को विवाह गर्ने निश्चित नभएसम्म सम्बन्धविच्छेद गर्ने प्रचलन कम देखिन्छ । जसले गर्दा बच्चा छोड्ने समस्या यहाँ तुलनात्मक रूपमा कम देखिन्छ ।'

सन्तानको उचित हुर्काइ र विकासका लागि बुवा र आमा दुवैको माया बराबर हुनुपर्ने हो । तर उनीहरुबीचको असमझदारी र त्यसले निम्त्याउने विछोडले सन्तनाले मानसिक स्वास्थ्यमा प्रतिकूल असर समेत खेपिरहेका हुन्छन् । 'गलत बाटो रोज्ने वा कुलतमा फस्ने जस्ता धेरै घटना समाजमा देखिएका पनि छन्' बाल संरक्षक गीता केसी दर्नाल भन्छिन् ।

उनका अनुसार आमाबुबाको सम्बन्ध विच्छेदपछि सन्तानले नयाँ अभिभावकलाई स्वीकार्न निकै गाह्रो हुन्छ । 'अर्को आमा वा बुवा पाउँदा बच्चाको मानसिकतामा सबैभन्दा धेरै प्रभाव पारेको देखिन्छ' उनले भनिन्,'बच्चाले आफ्नो जन्म दिने बुवा वा आमाको ठाउँमा नयाँ व्यक्तिलाई पाउँदा बाहिरबाट स्वीकारेको जस्तो देखिए पनि भित्रैदेखि स्वीकार्न नसक्ने मानसिक अवस्थाबाट उनीहरू गुज्रिरहेको देखिन्छ ।'

बालबालिका धेरै दु:खी हुने, कुराकानी नगर्ने, व्यवहारमा परिवर्तन आउने, राति राम्रोसँग नसुत्ने वा खाना खान मन नगर्ने जस्ता लक्षण देखिएमा तुरुन्तै मनोचिकित्सक वा परामर्शदाताको सल्लाह लिनुपर्ने मनोचिकित्सक डा. अमित झा बताउँछन् । 'बालबालिकाको हेरचाह गर्ने अभिभावकले आफ्नो मानसिक स्वास्थ्यको पनि ख्याल राख्नु उत्तिकै जरुरी छ' उनले भने ।

अदालतको फैसलाले श्रीमान्-श्रीमतीको सम्बन्ध टुंग्याए पनि तिनको सन्तानको मनमा रहेको घाउ तत्काल मेटिन सक्दैन । त्यसैले सम्बन्ध विच्छेदलाई कानुनी प्रक्रिया मात्र नभई बालबालिकाको अधिकार, मानसिक स्वास्थ्य र भविष्यसँग जोडिएको सामाजिक मुद्दाका रूपमा हेर्नुपर्ने आवश्यकता बढ्दै गएको सम्बन्धित क्षेत्रका विज्ञ बताउँछन् ।

कान्तिपुरबाट साभार

डेंगीबाट बचौं र बचाऔं ।

लक्षण:

- ❖ उच्च ज्वरो आउनु,
- ❖ जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु, आँखाको गेडी दुख्नु,
- ❖ अत्याधिक टाउको दुख्नु,
- ❖ शरीरमा राता बिबिराहरु आउनु,
- ❖ वाकवाकी लाग्नु वा वान्ता हुनु ।

लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले:

- ❖ लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,
- ❖ घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- ❖ लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
- ❖ घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं,
- ❖ सुत्ने बेलामा झुल लगाएर सुतौं,
- ❖ एयर कुलर, पानी ट्यांकी, गमलामा राखिएका प्लेटहरु समयसमयमा सफा गरौं,

"डेंगीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो"

४ नम्बर वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका

- समयमा कर तिरौं,
- वातावरणीय सरसफाइमा ध्यान दिऔं,
- पानी खेर नफालौं,
- हरियाली प्रवर्द्धन गरौं,
- सवारी चलाउँदा मोवाइलको प्रयोग नगरौं,
- बाटो काट्दा पैदलयात्रुलाई प्राथमिकता दिने गरौं ।

लोकहितको लागि सहीखबर

दैनिक ३ करोड ७५ लाख लिटर पानी वितरण

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडा उपमहापालिकाका उपभोक्ताकालाई दैनिक ३ करोड ७५ लाख लिटर पिउने पानी वितरण हुँदै आएको छ । हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले हेटौंडा उपमहानगरपालिकाका विभिन्न वडाका उपभोक्ताकालाई उक्त परिमाणको प्रशोधित पानी वितरण गर्दै आएको हो ।

हेटौंडा उपमहापालिकाको १७ वटा वडामा पिउने पानी वितरण हुने गरेको खानेपानी व्यवस्थापन बोर्डका सूचना अधिकारी सञ्जय न्यौपानेले बताए । १९ वटा वडा रहेको उपमहानगरमा वडा नम्बर १२ र १३ बाहेकका वडामा पिउने पानी वितरण हुँदै आएको छ । करिब १ लाख ७२ हजार बासिन्दालाई स्वच्छ पिउने पानी दैनिक सरदर १० घण्टा वितरण गर्दै आएको न्यौपानेले जनाकारी दिए ।

उनका अनुसार उपमहानगरका विभिन्न वडामा बोर्ड मार्फत हालसम्म २९ हजार ८ सय ३ वटा धारा जडान गरिएको छ ।

बुङदल खोलाको पानी, ४० डिपदयुवेल र १९ समवेलबाट दैनिक ३ करोड ७५ लाख लिटर पिउने पानी सङ्कलन गरिँदै आएको बताइएको छ । बोर्डले कार्यालय परिसरमित्र अत्याधुनिक पानी परीक्षण प्रयोगशाला सञ्चालनमा ल्याएको छ । बोर्डले पानी सङ्कलन गर्ने कार्यमा प्रयोग गर्ने उद्देश्यले विभिन्न साइजका मोटर पम्पसेट खरिद गरेको जनाएको छ ।

बोर्डले हेटौंडा १४ मा डिपदयुवेल, ३ लाख लिटर क्षमताको पानी दयाङ्की निर्माण र मेनलाइन शाखा पाइप विस्तार कार्य सम्पन्न गरेको बोर्डका प्रमुख विष्णुप्रसाद सापकोटाले जानकारी दिए । संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना र हेटौंडा खानेपानी व्यवस्थापन बोर्डको संयुक्त आयोजनामा हेटौंडा १६ शक्तिमा ६ वटा ९ सय घनमिटर क्षमताको समवेल निर्माण र करिब साढे ३ किलोमिटर पाइपलाइन विस्तार गर्ने कार्य सम्पन्न गरिएको सापकोटाले बताए ।

यसैगरी हेटौंडा १५ को सानो सुकौलीमा बोर्डले १ लाख लिटर क्षमताको पानी दयाङ्की र वडा नम्बर १६ मा शौचालय निर्माण गरेको छ । खानेपानी व्यवस्थापन बोर्ड र खानेपानी तथा सरसफाइ डिभिजन १ को संयुक्त लगानीमा हेटौंडा ११ थाना भर्याङको सिमलटार क्षेत्रमा हाल ३ वटा समवेल, ४ लाख ५० हजार लिटर क्षमताको ओभरहेड पानी दयाङ्की तथा घर निर्माण गरिएको प्रमुख सापकोटाले बताए । हेटौंडा १२ र १३ का स्थानीय उपभोक्ताले आफ्नो लगानीमा छुट्टाछुट्टै खानेपानी दयाङ्की निर्माण गरेर पाइप विस्तार गरी प्रत्येक घरमा खानेपानीको व्यवस्थापन गरेको बताइएको छ ।

हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले सेवा विस्तार गरेका क्षेत्रमा नियमित रुपमा खानेपानी वितरण भइरहेको छ। हावाहुरीका कारण विद्युत आपूर्ति अवरुद्ध हुँदा पम्पिङ प्रणालीमा आधारित केही स्थानमा अल्पकालीन समस्या देखिए पनि समग्र नगर क्षेत्रमा खानेपानी आपूर्ति सहज रहेको बोर्डले जनाएको छ। हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष प्रताप विष्टका अनुसार तीव्र शहरीकरण र जनसंख्या वृद्धि भइरहेका बेला पनि दीर्घकालीन योजना, स्रोत व्यवस्थापन तथा पूर्वाधार विस्तारका कारण नगरवासीले खानेपानी अभावको समस्या भोग्नुपरेको छैन।

"नेपालका धेरै शहरमा सुख्खा मौसममा पानीको हाहाकार हुने अवस्था छ, तर हेटौंडामा स्रोत संरक्षण, पूर्वाधार विस्तार र व्यवस्थापनका कारण नियमित सेवा दिन सफल भएका छौं," अध्यक्ष विष्टले बताए। बोर्डका अध्यक्ष विष्टका अनुसार हाल खानेपानीको मुख्य स्रोतमा एक सतहगत मुहान, ४० वटा डिप दयुबवेल र १९ वटा समवेल रहेका छन्। पानी भण्डारण क्षमता ८ हजार ९३३ घनमिटर रहेको छ भने करिब ८०० किलोमिटर लम्बाइको मुख्य तथा शाखा पाइपलाइनमार्फत वितरण प्रणाली सञ्चालन भइरहेको छ।

क्रमागत योजनाअन्तर्गत हेटौंडा ९ बेतखोल्ची डाँडामा ६ लाख लिटर क्षमताको पानी दयांकी निर्माण, हेटौंडा १४ मा डिप दयुबवेल तथा ३ लाख लिटर क्षमताको दयांकी निर्माण, हेटौंडा १५ मा ३ लाख लिटर क्षमताको दयांकी निर्माण, पाइपलाइन विस्तार तथा विद्युतीकरणका काम अघि बढिरहेका छन्।

यसैगरी बेतखोल्ची डाँडादेखि स्मृति चोकसम्म मुख्य पाइपलाइन विस्तार, रोटरी पम्प हाउसदेखि पिस पार्कसम्म करिब ४ किलोमिटर डिआई पाइपलाइन विस्तार तथा बुङदल मुहानदेखि सामरी पुलसम्म इन्टेक निर्माणसहित पाइपलाइन सुधार कार्य पनि सञ्चालनमा रहेको बोर्डले जनाएको छ।



ध्रुबे हात्तिले परिवार सखाप

◯ सहीखबर संवाददाता

मकवानपुर । राति हात्तीको आक्रमणबाट चितवनको भरतपुर महानगरपालिका २३, जगतपुर की २४ वर्षकी आशिका बोढे र उनको ४ वर्षका छोरा भरतको मृत्यु भयो। साँझ खाना खाएर आशिकाको परिवार सुतिसकेको थियो। रातको करिब ११:३० बजे ध्रुबे हात्तीले आशिकाको परिवार सुतिरहेको घर हल्लाउन थाल्यो।

बाँसमा माटोले लिपेर बनाइएको घर भत्काउन हात्तीले मिहिनेत गर्ने परेन। छोरा भरतलाई लिएर सुतेकी आशिकालाई हात्तीले लछारपछार बनायो।

आशिकाका श्रीमान् पूर्ण बोढेले सँगै सुतेकी ६ वर्षकी छोरी सिरिसालाई काखी च्यापेर आर्तिदै हात्ती धपाउन लागे। दुई जना भाइहरु पनि उठेर हात्ती धपाउन थाले। मात्तिएर गाउँ पसेको ध्रुबे हात्ती तब मात्रै गाउँबाट बाहिर निस्किएको, जब पूर्णले आफ्नो घरमै आगो लगाइसकेका थिए। श्रीमती र छोरालाई लछारपछार बनाएपछि अत्तालिएका पूर्णले पराल बालेर हात्ती खेद्न खोज्दा घरमै लागलागी भयो। यता आशिका र भरतको मृत्यु भयो। उता घर जलेर खरानी बन्यो।

मृत्यु हुने भरत गाउँकै कदम आधारभूत विद्यालयमा अध्ययनरत थिए। त्यसो त, चितवन राष्ट्रिय निकुञ्जमा बस्ने जंगली ध्रुबे हात्तीले १४ वर्षअघि पूर्णको बाजे र बज्यैलाई समेत मारेको थियो। उनका छिमेकी कृष्ण दवाडीका अनुसार १४ वर्षअघि चितवनकै तत्कालीन माडी गाविस १, द्रौपदीमा बस्दै आएका उनीहरुको घरमा आक्रमण गरेको थियो।

२०६९ मंसिर ३० गते ध्रुबे हात्तीले हजुरबुबा ७१ वर्षका सोमला बोढे र ६८ वर्षीया हजुरआमा झरली बोढेको ज्यान लिएको थियो। घरमै हात्तीले आक्रमण गरेर आमा बुबाको ज्यान लिएपछि पूर्णका बुबा शनिसरा बोढेले आफ्ना तीन छोरा र श्रीमती मंगलीलाई लिएर जगतपुरमा बसाइँ सरेका थिए।

जगतपुर आएपछि ७ वर्षअघि नवलपरासीकी आशिकाको पूर्णसँग विवाह भएको थियो। उनीहरुका छिमेकी कृष्णले भने, 'आशिकाको श्रीमान् पनि धेरै सोझा छन्। सासुससुरा पनि उस्तै हुनुहुन्छ। देवरहरु पनि कमाएर घर चलाउन सक्ने उमेरका छैनन्। घर व्यवहार सबै आशिकाकै काँधमा थियो।'

उनका अनुसार आमासँगै ज्यान गुमाउने भरत परिवारका कान्छा छोरा हुन्। परिवारमा दुई सन्तानमध्ये ६ वर्षीया छोरी भने सकुशल छिन्। पूर्णले समयमै आगो नबालेको भए एउटै घरमा सुतिरहेका आठै जनाको ज्यान जोखिममा थियो । त्यसो त, ध्रुबे हात्ती २०६९ सालदेखि नै मानव हात्ती द्वन्द्वको मुख्य कारण बन्दै आएको छ। सोही हात्तिले २०७४ सालमा नेपाली सेनामा कार्यरत मेजर को ज्यान लिएपछि चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने स्थानीय त्रसित बनेका थिए। यससँगै ध्रुबे हात्तीबाट ज्यान गुमाउनेको संख्या ३५ पुगेको छ। चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार मध्यरातमा दुई जनाको ज्यान लिएपछि ध्रुबे अहिले कहाँ छ ? भन्ने यकिन छैन। यद्यपि सुखीभार पोस्ट आसपासको क्षेत्रमा रहेको हुन सक्ने अनुमान गरिएको उनको भनाइ छ।

सचेत उपभोक्ता बनौं

सामान खरिद गर्दा देहायका बिषय एकिन गरौं:

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं

नेपाल सरकार
विज्ञापन बोर्ड